# कोल्हवी नगरपालिका

# स्थानीय राजपत्र

कोल्हवी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ संख्या ७ मिति : २०८१।१०।१०


## भाग २

## कोल्हवी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सूचना

**विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन कार्यविधि-२०८१**

**प्रस्तावना:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२,ज) तथा कोल्हवी नगरपालिकाको शिक्षा ऐन, २०७६ संशोधन सहितको दफा ६३ को उपदफा ((१)को ञ, थ र ल) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको बैठकले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो कार्यविधिको नाम "विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन कार्यविधि-२०८१" रहनेछ ।

१.२ यो कार्यविधि कोल्हवी नगरपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

१.३ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेसम्ममा यस कार्यविधिमा :-

क) "ऐन" भन्नाले कोल्हवी नगरपालिकाको शिक्षा ऐन, २०७६ सम्झनुपर्छ ।

ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

ग) "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनुपर्छ ।

घ) "प्रमुख" भन्नाले कोल्हवी नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोल्हवी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

च) "शाखा" भन्नाले यस कोल्हवी नगरपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

छ) "शिक्षा अधिकृत" भन्नाले यस नगरपालिकोको शिक्षा शाखा हेर्ने अधिकृतस्तरको कर्मचारी वा सो कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

ज) "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति तथा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

झ) “बालविकास सहजकर्ता” भन्नाले बालविकास केन्द्र सञ्चालनको लागि नियुक्त व्यक्ति सम्झनुपर्छ ।

ञ) “केजी कक्षा सहजकर्ता” भन्नाले केजी कक्षा सञ्चालनका लागि नगरपालिकाबाट नियुक्त व्यक्ति सम्झनुपर्छ ।

ट) “परिचालक” भन्नाले सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

ठ) “विद्यालय कर्मचारी” भन्नाले नेपाल सरकारको स्वीकृत दरबन्दीमा विद्यालयमा कार्यरत कर्मचारी विद्यालय सहायक तथा सहयोगीलाई सम्भनुपर्छ ।

ड) “नगरपालिका” भन्नाले कोल्हवी नगरपालिका, बारा सम्झनुपर्छ ।

ढ) “नियमावली” भन्नाले शिक्षा नियमावली २०५९, सम्झनुपर्छ ।

ण) “कार्यविधि” भन्नाले यस नगरपालिकाको ”विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन कार्यविधि-२०८१“ सम्झनुपर्छ ।

## <u>परिच्छेद-२</u>

२. विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्ति सम्बन्धी व्यवस्था

२.१ रिक्त रहेको विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालकको पदमा व्यवस्थापन समितिले छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको कुनै व्यक्तिलाई करारमा नियुक्ति गर्न सकिनेछ ।

२.२ करारमा विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्तिका लागि शिक्षा शाखाबाट दरबन्दी यकिन गरी अनुमति लिएर नियुक्ति प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

२.३ विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालकको पदपूर्ति गर्नको लागि आवश्यक विवरण खुलाइ १५ दिनको सार्वजनिक सूचना सम्भाव्य सवै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, नगरपालिका र सम्बन्धित विद्यालयको सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

२.४ विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता नेपाली नागरिकताको प्रमाण-पत्र र निवेदन पेश गर्नु पर्नेछ ।

२.५ छनौट समितिको सिफारिसमा सम्बन्धित विद्यालयले/केन्द्रले विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्त गरेको सात (७) दिनभित्र सोको जानकारी शिक्षा शाखालाई गराउनुपर्नेछ ।

२.६ यो कार्यविधि बमोजिमको प्रक्रिया नपुऱ्याई विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर हुनेछ ।

२.७ छनौट समितिले छनौट गरेको व्यक्ति सिफारिस भएको मितिले १५ दिनभित्र नियुक्ति-पत्र लिई हाजिर हुन नआएमा नियुक्ति लिएको छ महिनाभित्रमा कुनै कारण निजले राजिनामा दिएमा व्यवस्थापन समितिले वैकल्पिक सूचीको १ नं. को उम्मेदवारलाई नियुक्ति गरिनेछ ।

## <u>परिच्छेद - ३</u>

३. विद्यालय कर्मचारी,बालविकास सहजकर्ता तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालकको लागि आवश्यक न्यूनतम योग्यता

३.१ विद्यालय सहायक कर्मचारीको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

क) नेपाली नागरिक,

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उत्तिर्ण भएको,

ग) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

घ) लेखा र कम्प्युटर सम्बन्धि ज्ञान भएकोलाई प्रथामिकता दिने,

३.२ विद्यालय सहयोगी कर्मचारीको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

क) नेपाली नागरिक,

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट १२ कक्षा वा सो सरह उत्तिर्ण भएको,

ग) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,

घ) माथिल्लो तहको योग्यता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिइने,

३.३ केजी सहजकर्ता तथा बालविकास सहजकर्ताको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

क) नेपाली नागरिक,

ख) शिक्षा मुल विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण भएको,

ग) अध्यापन अनुमति प्राप्त गरेको

घ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

३.४ सिकाइ केन्द्रका परिचालकको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

क) नेपाली नागरिक,

ख) शिक्षा मुल विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण भएको,

ग) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

## परिच्छेद-४

४. कर्मचारी छनौट प्रक्रिया

४.१ सामुदायिक विद्यालय कर्मचारी,बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाई केन्द्रका परिचालक नियुक्तिका लागि व्यवस्थापन समितिमा सिफारिस गर्ने कार्य कोल्हवी नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा ४९ को उपदफा २ बमोजिम शिक्षक छनौट समितिले गर्नेछ ।

४.२ कर्मचारी/सहजकर्ता छनौटको परीक्षा सम्बन्धि कामको लागि आवश्यक कर्मचारी सम्बन्धित विद्यालयले व्यवस्थापन गर्नु पर्नेछ ।

४.३ कर्मचारी/सहजकर्ता छनौट समितिको सचिवालय नगरपालिकाले तोके बमोजिम रहनेछ ।

४.४ परीक्षा मर्यादित, संयमित र निष्पक्ष रुपमा सञ्चालन गर्ने गराउने मुख्य जिम्मेवारी छनौट समितिको हुनेछ ,

४.५ परीक्षामा संलग्न विज्ञ तथा सदस्यहरुबाट अनियमित कार्य भएको प्रमाणित भएमा त्यस्तो कार्य गर्ने गराउने विज्ञ तथा समितिका सदस्यलाई विज्ञ सूची तथा समितिबाट हटाई सो कार्यमा संलग्न अन्यलाई समेत नियमानुसार नगरपालिकाले कारवाही गर्नेछ । साथै अनियमित कार्य भएको

प्रमाणित भएमा उक्त परीक्षा रद्ध हुनेछ र पुनः परीक्षाको प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

## परिच्छेद-५

५. विषय विज्ञ सम्बन्धि व्यवस्था

५.१ नगरपालिकाले विद्यालय कर्मचारी, बालविकास तथा केजी सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक छनौट परीक्षामा कोल्हवी नगरपालिकाको विषय विज्ञको सूची तथा शिक्षा विकास तथा समन्वय इकाईका सूचीकृत शिक्षकलाई उक्त परीक्षाको विषय विज्ञको रुपमा छनौट गर्नेछ।

## परिच्छेद-६

६. परीक्षाको पाठ्यक्रम

६.१ विद्यालय सहायक कर्मचारी नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची -१ बमोजिम हुनेछ।

६.२ विद्यालय सहयोगी कर्मचारी नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची -२ बमोजिम हुनेछ।

६.३ बालविकास तथा केजी सहजकर्ता नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची-३ बमोजिम हुनेछ।

६.४ सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची -४ बमोजिम हुनेछ।

## परिच्छेद-७

७. कार्यविधि संशोधन

७.१ यो कार्यविधिमा परिमार्जन र संशोधन गर्नुपर्ने भएमा कोल्हवी नगरपालिका,शिक्षा,युवा तथा खेलकुद शाखाको सिफारिसमा कोल्हवी नगरपालिकाको बैठकको निर्णयानुसार संशोधन गर्न सकिनेछ ।

७.२ कार्यविधिको व्याख्या

यो कार्यविधिको व्याख्या गर्नुपर्ने भएमा कोल्हवी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

७.३ बचाउ

यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची -१

### विद्यालय सहायक पदको पाठ्यक्रम

सामान्य परीक्षा : पूर्णाङ्क -४०  विषयगत परीक्षा : पूर्णाङ्क -६०  अन्तर्वार्ता : पूर्णाङ्क -२०

| विषयक्षेत्र | पूर्णाङ्क | उतिर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (खण्ड-क वस्तुगत प्रश्नहरु = प्रथम चरण) | ४० | ४० | २० | २ | वस्तुगत/वहुवैकल्पिक | ३० मिनेट |
| विषगत परीक्षा (खण्ड-ख विषयगत प्रश्नहरु = द्वितीय चरण) | ६० | | १० | २* १० =२०<br>८ * ५ =४० | विषयगत/विश्लेषणात्मक | २ घण्टा |
| अन्तर्वार्ता | २० | | | | मौखिक | |

खण्ड-क : वस्तुगत प्रश्नहरु (सामान्य ज्ञान)

| क.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्नको अंकभार |
|---|---|---|---|
| १. | नेपालको भूगोल (भौगोलिक विविधता, प्रदेश, जिल्ला, स्थानीय तह, ताल, नदि, हिमाल) | २ | २ |
| २. | नेपालको आधुनिक शैक्षिक इतिहास | १ | २ |
| ३. | सूचना प्रविधि<br>● कम्प्युटर सम्बन्धी सामान्य जानकारी ( MS word, excel, powerpoint & internet )<br>● शैक्षिक सूचना प्रणाली | ३ | २ |
| ४. | विद्यालय तहमा शैक्षिक तथ्याङ्क व्यवस्थापन<br>● तथ्याङ्क संकलन योजना र व्यवस्थापन<br>● तथ्याङ्क विश्लेषण र समस्या पहिचान | २ | २ |
| ५. | कार्यालय संचालन र अभिलेख व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | २ | २ |
| ६. | कोल्हवी नगरपालिका सम्बन्धी सामान्य जानकारी | १ | २ |
| ७. | विज्ञान र प्रविधि :- प्रमुख वैज्ञानिक अन्वेषण र अविष्कारहरु प्रसिद्ध वैज्ञानिकहरु सम्बन्धी सामान्य जानकारी | २ | २ |

| | | | |
|---|---|---|---|
| ८. | नेपालको संविधान (शिक्षा सम्बन्धी व्यवस्था), शिक्षा ऐन, २०२८ (संशानेधन सहित), शिक्षा नियमावली, २०५९ (संशोधन सहित), स्थानीय सरकार संचालन ऐन २०७४ (शिक्षा सम्बन्धी व्यवस्था) कोल्हवी नगरपालिका ऐन, २०७६ ( संशोधन सहित) | ३ | २ |
| ९. | Aptitite sest<br><br>• Verbal reasoning such as series, analogy, classification, coding- decoding.<br>• Nonverbal reasoning such as<br>• series, analogy, classification, venn-diagrams, matrics, construction of squares and triangles.<br>• Quantitative aptitude such as arithmetical reasoning⁄ operation, percentage, fraction, decimal. | ४ | २ |

खण्ड-ख : विषयगत परीक्षाको पाठ्यक्रम

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्नको अंकभार |
|---|---|---|---|
| १. | लेखाको अर्थ,उद्देश्य,महत्व,लेखा शब्दावलीहरु र लेखा अवधारणा र सिद्धान्त,सरकारी र व्यावसायिक लेखा प्रणाली | १+१=२ | ५+१०=१५ |
| २. | पत्र व्यवहार : परीचय, उद्देश्य र चिठि/पत्रका गुणहरु,चिठिका प्रकार (प्रयोग र प्राथमिकताका आधारमा) | १ | ५ |
| ३. | परीक्षा र मूल्याङ्कन : परीक्षाको अवधारणा, उद्देश्य,प्रकारहरु,शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा, मूल्याङ्कनको अवधारणा, उद्देश्य,प्रकारहरु, मूल्याङ्कनका साधनहरु र प्राथमिक तहमा प्रयोग हुने मूल्याङ्कनका विधि तथा प्रकियाहरु | १ | ५ |
| ४. | अभिलेख व्यवस्थापन : अभिलेखको परिचय, अभिलेखको उद्देश्य र प्रकार,अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग | १ | ५ |
| ५. | प्रतिवेदन लेखन : परिचय, तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु र प्रकार, | १ | ५ |

| | | | |
|---|---|---|---|
| | फाइलिङ : परिचय, आवश्यक विधि एवम् तरिकाहरु | | |
| ६. | दोहोरो श्रेष्ता प्रणाली र आय व्यय, नाफा नोक्सान खाता तेरिज र वासलात सम्बन्धी सैद्धान्तिक ज्ञान,आर्थिक कार्यप्रणाली सम्बन्धी सामान्य जानकारी | १+१=२ | ५+१०=१५ |
| ७. | कार्यालय व्यवस्थापनमा कम्प्युटर प्रणालीको आवश्यकता र महत्व,तथ्याङ्क तथा सूचनाको प्रकृति र महत्व | १ | ५ |
| ८. | नेपालको संविधान (शिक्षा सम्बन्धी व्यवस्था), शिक्षा ऐन, २०२८ (संशानेधन सहित), शिक्षा नियमावली, २०५९ (संशोधन सहित), स्थानीय सरकार संचालन ऐन २०७४ (शिक्षा सम्बन्धी व्यवस्था) | १ | ५ |

## अन्तर्वाताको योजना (Interview Examination Scheme)

विद्यालय सहायक कर्मचारीको लागि

१. अन्तर्वार्ता-२०

| क्र.स. | मूल्याङ्कनका आधार | शैक्षिक योग्यता - ५ | | |
|---|---|---|---|---|
| १. | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता-३ | प्रथम श्रेणी | द्वितीय श्रेणी | |
| | | ३ | २ | |
| २. | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता-२ | २ | १ | |
| ३. | अन्तर्वार्ता - १५ | व्यक्तित्व/आचरण | विषयवस्तुको ज्ञान | प्रस्तुतिकरण |
| | | ५ | ६ | ४ |

नोट : अन्तर्वार्ता वापत अंक दिदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अंक दिदा स्पष्ट कारण खुलाउनु पर्नेछ।

द्रष्टव्य :

१.सामान्य परीक्षा (वस्तुगत/बहुवैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन ।

२.यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा भएका कानून (ऐन,नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

३.यो पाठ्यक्रम कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ तर यो कार्यविधि लागु भएको मिति भन्दा अगाडी नियुक्त भएका विद्यालय सहायक कर्मचारीको हकमा लागु हुनेछैन ।

## अनुसूची-२

### विद्यालय सहयोगी पदको पाठ्यक्रम

सामान्य परीक्षा : पूर्णाङ्क-३०    विषयगत परीक्षा : पूर्णाङ्क-५०    अन्तर्वार्ता : पूर्णाङ्क-२०

| विषयक्षेत्र | पूर्णाङ्क | उतिर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (खण्ड(क) वस्तुगत प्रश्नहरु=प्रथम चरण) | ३० | ४० | १५ | २ | वस्तुगत/ बहुवैकल्पिक | ३० मिनेट |
| विषयगत परीक्षा (खण्ड(ख) विषयगत प्रश्नहरु=द्वितीय चरण) | ५० | | १० | ५ | विषयगत/ विश्लेषणात्मक | २ घण्टा |
| अन्तर्वार्ता | २० | | | | मौखिक | |

खण्ड क वस्तुगत प्रश्नहरु (सामान्य ज्ञान)

| क.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | प्रति प्रश्नको अङ्कभार |
|---|---|---|---|
| १ | नेपालको भूगोलको सामान्य जानकारी | २ | २ |
| २ | नेपालको शैक्षिक इतिहास सम्बन्धी सामान्य जानकारी | २ | २ |
| ३ | कार्यालय सञ्चालन र अभिलेख व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | २ | २ |
| ४ | कोल्हवी नगरपालिकाको सामान्य जानकारी | २ | २ |
| ५ | चिठी पत्र दर्ता चलानी सम्बन्धी सामान्य जानकारी | १ | २ |
| ६ | वार्षिक कार्ययोजना,वार्षिक शैक्षणिक योजना,एकाइ योजना र दैनिक पाठ योजना | २ | २ |

| | | | |
|---|---|---|---|
| ७ | शैक्षिक सङ्गठन ( बहु,कक्षा,विषय र मिश्रित शिक्षण )सम्बन्धी सामान्य जानकारी | २ | २ |
| ८ | कोल्हवी नगरपालिका शिक्षा ऐन २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (शिक्षा सम्बन्धी व्यवस्था) | २ | २ |

<u>खण्ड-ख विषयगत परीक्षाको पाठ्यक्रम</u>

| क्र.स | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | प्रति प्रश्नको अङ्कभार |
|---|---|---|---|
| १ | शैक्षणिक योजना : परिचय,आवश्यकता, निर्माण र प्रयोग (वार्षिक कार्यतालिका, वार्षिक शैक्षिक योजना, एकाइ योजना, दैनिक योजना र दैनिक कार्यतालिका )<br>कक्षाकोठा व्यवस्थापन : ( अवधारण,र महत्व, कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन) | २ | ५ |
| २ | शैक्षिक सामग्री र शैक्षिक सुधार : शैक्षिक सामग्रीको परिचय ,प्रकार, निर्माण र प्रयोग | १ | ५ |

| | | | |
|---|---|---|---|
| ३ | विद्यालय समुदाय सम्बन्ध : विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान, विद्यालय र समुदाय बिच सम्बन्ध | २ | ५ |
| ४ | कोल्हवी नगरपालिकाको सामान्य जानकारी : सामाजिक, सांस्कृति,भौगोलिक तथा आर्थिक अवस्था | १ | ५ |
| ५ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइ : व्यक्तिगत सरसफाई र वातावरणीय सरसफाई फोहोर व्यवस्थापन र प्रथामिक उपचार : परिचय ,महत्व, पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा , घर विद्यालय र खेलमैदानमा हुने दुर्घटना,प्रथामिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरु | २ | ५ |
| ६ | बालमनोविज्ञान : अर्थ,क्षेत्र आवश्यकता र महत्व | १ | ५ |
| ७ | परीक्षा र मूल्याङ्कन : परीक्षाको अवधारणा,उद्देश्य, प्रकारहरु, मूल्याङ्कनका साधनहरु र प्रयोग | १ | ५ |

## अन्तर्वाताको योजना (Interview Examination Scheme)

विद्यालय सहयोगी कर्मचारीको लागि

१. अन्तर्वार्ता-२०

| क्र.स. | मूल्याङ्कनका आधार | शैक्षिक योग्यता - ५ | | |
|---|---|---|---|---|
| १. | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता-३ | प्रथम श्रेणी | द्वितीय श्रेणी | |
| | | ३ | २ | |
| २. | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता-२ | २ | १ | |
| ३. | अन्तर्वार्ता - १५ | व्यक्तित्व/आचरण | विषयवस्तुको ज्ञान | प्रस्तुतिकरण |
| | | ५ | ६ | ४ |

नोट : अन्तर्वार्ता वापत अंक दिदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अंक दिदा स्पष्ट कारण खुलमउनु पर्नेछ।

द्रष्टव्य :

१.सामान्य परीक्षा (वस्तुगत/बहुवैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन ।

२.यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा भएका कानून (ऐन,नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

३.यो पाठ्यक्रम कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ तर यो कार्यविधि लागु भएको मिति भन्दा अगाडी नियुक्त भएका विद्यालय सहायक कर्मचारीको हकमा लागु हुनेछैन ।

## अनुसूची-३

## बालविकास तथा केजी सहजकर्ता पदको पाठ्यक्रम

सामान्य परीक्षा : पूर्णाङ्क -४० विषयगत परीक्षा : पूर्णाङ्क -६० अन्तर्वार्ता : पूर्णाङ्क -२०

| विषयक्षेत्र | पूर्णाङ्क | उतिर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (खण्ड-क वस्तुगत प्रश्नहरु = प्रथम चरण) | ४० | ४० | २० | २ | वस्तुगत/वहुवैकल्पिक | ३० मिनेट |
| विषगत परीक्षा (खण्ड-ख विषयगत | ६० | | १० | २*१० =२०<br>८*५ =४० | विषयगत/विश्लेषणात्मक | २ घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रश्नहरु = द्वितीय चरण) | | | | | | |
| अन्तर्वार्ता | २० | | | | मौखिक | |

खण्ड-क : वस्तुगत प्रश्नहरु (सामान्य ज्ञान)

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्नको अंकभार |
|---|---|---|---|
| १. | नेपालको भूगोल (भौगोलिक विविधता,प्रदेश,जिल्ला,स्थानीय तह,ताल,नदि हिमाल) | २ | २ |
| २. | नेपालको आधुनिक शैक्षिक इतिहास | २ | २ |
| ३. | शिक्षाको अर्थ,परिभाषा,उद्देश्यहरु र कार्यहरु | २ | २ |
| ४. | शिक्षा मनोविज्ञान : अर्थ,अवधारणा,आवश्यकता र महत्व | २ | २ |
| ५. | मनव विकास : वृद्ध र विकासको अवधारणा र स्थानीय पाठ्यक्रम | २ | २ |
| ६. | पूर्व बाल्यावस्था : परिचय विकासात्मक कार्य, विशेषताहरु | २ | २ |

| | | | |
|---|---|---|---|
| ७. | पठ्यक्रमको परिचय,अवधारणा र प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम,२०७७ (सक्षमता,सिकाइ क्षेत्र तथा सिकाइ उपलब्धि विस्तृतीकरण सहित विस्तृत अध्ययन) | २ | २ |
| ८. | शैक्षणिक योजना : अर्थ र आवश्यकता,वार्षिक कार्ययोजना,वार्षिक शैक्षिक योजना, एकाइ योजना र दैनिक पाठ योजना | २ | २ |
| ९. | शैक्षिक सङ्गठन : कक्षा शिक्षण, बहुकक्षा शिक्षण,विषय शिक्षण,मिश्रित शिक्षण | २ | २ |
| १०. | नेपालको संविधान (शिक्षा सम्बन्धी व्यवस्था), शिक्षा ऐन, २०२८ (संशानेधन सहित), शिक्षा नियमावली, २०५९ (संशोधन सहित), स्थानीय सरकार संचालन ऐन २०७४ (शिक्षा सम्बन्धी व्यवस्था) कोल्हवी नगरपालिकाको शिक्षा ऐन,२०७६ (संशोधन सहित) | २ | २ |

खण्ड-ख : विषयगत परिक्षाको पाठ्यक्रम

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्नको अंकभार |
|---|---|---|---|
| १. | शैक्षणिक योजना : परिचय,आवश्यकता,निर्माण र प्रयोग (वार्षिक कार्य तालिका,वार्षिक शैक्षिक योजना,एकाइ योजना,दैनिक पाठयोजना र दैनिक कार्यतालिका) | १+१=२ | ५+१०=१५ |

| | | | |
|---|---|---|---|
| | कक्षाकोठा व्यवस्थापन : अवधारणा र महत्व,कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन<br>शैक्षणिक व्यवस्थापन : कक्षा शिक्षण,विषय शिक्षण र बहुकक्षा शिक्षण,कक्षाकोठामा विविधता व्यवस्थापन (भाषिक,सामाजिक,सिकाइ क्षमता,बौद्धिक र शारीरिक) | | |
| २. | शैक्षिक सामग्री र शैक्षिक सुधार : शैक्षिक सामग्रीको प्रकार र निर्माण,प्राथमिक तहमा अध्यापन हुने विषयहरुको विषयगत शैक्षिक सामग्री निर्माण र प्रयोग | १ | ५ |
| ३. | विद्यालय समुदाय सम्बन्ध : विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व,समुदायको विकासमा विद्यालयको योगदान,विद्यालय र समुदाय बीच सम्बन्ध | १ | ५ |
| ४. | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइ : व्यक्तिगत सरसफाइ,वातावरणीय सरसफाइ,<br>फोहोर व्यवस्थापन प्राथमिक उपचार : परिचय,महत्व,पारिवरिक र सामुदायिक स्वास्थ्य सेवा,घर,विद्यालय र खेल मैदानमा हुने दुर्घटना,प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरु | १ | ५ |
| ५. | पाठ्यक्रम : अर्थ,परिभाषा,महत्व,तत्वहरु,पाठ्यक्रम निर्माणका आधारहरु,प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम,२०७७ ( सक्षमता,सिकाइ क्षेत्र तथा सिकाइ उपलब्धी विस्तृतीकरण सहित विस्तृत अध्ययन) | १ | ५ |

| | | | |
|---|---|---|---|
| ६. | बालमनोविज्ञान : अर्थ,क्षेत्र,आवश्यकता र महत्व<br>पूर्व बाल्यावस्था : परिचय,विकासात्मक कार्य,विशेषताहरु,शारीरिक र संवेगात्मक परिर्वतन तथा प्रभाव,रुचीहरु,संकटहरु,पूर्व बाल्यास्थाका विद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका | १+१=२ | ५+१०=१५ |
| ७. | सिकाइ : अर्थ,स्वरुप र शैलीहरु,परिपक्वता र सिकाइ विच अन्तरसम्बन्ध,स्व-प्रतिविम्बन र सिकाइ,सिकाइमा स्थानान्तरण,स्मरण र विस्मरण,उत्प्रेरणा र सिकाइ शिक्षण विधिको वर्गीकरण र प्रयोग,शिक्षक निर्देशिकासंग शिक्षण विधिको सम्बन्ध<br>शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (श्रव्यदृश्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्री,इ-लाइब्रेरी) | १ | ५ |
| ८. | परीक्षा र मूल्याङ्कन : परीक्षाको अवधारणा,उद्देश्य,प्रकारहरु,शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा, मूल्याङ्कनको अवधारणा, उद्देश्य,प्रकारहरु, मूल्याङ्कनका साधनहरु र प्रयोग र प्राथमिक तहमा प्रयोग हुने मूल्याङ्कनका विधि तथा प्रक्रियाहरु | १ | ५ |

## अन्तर्वाताको योजना (Interview Examination Scheme)

बालविकास तथा केजी सहजकर्ताको लागि

१. अन्तर्वार्ता-२०

| क्र.स. | मूल्याङ्कनका आधार | शैक्षिक योग्यता - ५ | | |
|---|---|---|---|---|
| १. | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता-३ | प्रथम श्रेणी | द्वितीय श्रेणी | |
| | | ३ | २ | |
| २. | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता-२ | २ | १ | |
| ३. | अन्तर्वार्ता - १५ | व्यक्तित्व/आचरण | विषयवस्तुको ज्ञान | प्रस्तुतिकरण |
| | | ५ | ६ | ४ |

नोट : अन्तर्वार्ता वापत अंक दिदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अंक दिदा स्पष्ट कारण खुलाउनु पर्नेछ।

द्रष्टव्य :

१.सामान्य परीक्षा (वस्तुगत/बहुवैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन ।

२.यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा भएका कानून (ऐन,नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

३.यो पाठ्यक्रम कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ तर यो कार्यविधि लागु भएको मिति भन्दा अगाडी नियुक्त भएका विद्यालय सहायक कर्मचारीको हकमा लागु हुनेछैन ।

## अनुसूची-४

## सामुदायिक सिकाइ केन्द्रको परिचालक पदको पाठ्यक्रम

सामान्य परीक्षा : पूर्णाङ्क -४०　　विषयगत परीक्षा : पूर्णाङ्क -४०　　अन्तर्वार्ता : पूर्णाङ्क -२०

| विषयक्षेत्र | पूर्णाङ्क | उतिर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा (खण्ड-क वस्तुगत प्रश्नहरु = प्रथम चरण) | ४० | ४० | २० | २ | वस्तुगत/वहुवैकल्पिक | ३० मिनेट |
| विषगत परीक्षा (खण्ड-ख विषयगत | ४० | | ८ | ४० | विषयगत/विश्लेषणात्मक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रश्नहरु = द्वितीय चरण) | | | | | | १ घण्टा ३० मिनेट |
| अन्तर्वार्ता | २० | | | | मौखिक | |

खण्ड-क : वस्तुगत प्रश्नहरु (सामान्य ज्ञान)

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्नको अंकभार |
|---|---|---|---|
| १. | नेपालको भूगोल (भौगोलिक विविधता,प्रदेश,जिल्ला,स्थानीय तह,ताल,नदि हिमाल) | २ | २ |
| २. | नेपालको शैक्षिक इतिहास (राणाकाल देखि हालसम्म) | २ | २ |
| ३. | शिक्षाको अर्थ,परिभाषा,स्वरुप,उद्देश्यहरु र कार्यहरु | २ | २ |
| ४. | सिकाइ : परिचय,अर्थ,स्वरुप, र प्रभावपार्ने तत्वहरु | २ | २ |
| ५. | सिकाइको स्थानान्तरण : अवधारणा,प्रकार | १ | २ |
| ६. | नेपालको शिक्षाको तहगत संरचना,तथा अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्थाहरु | २ | २ |

| | | | |
|---|---|---|---|
| ७. | तीन तहका सरकारका शिक्षासँग सम्बन्धित संरचना (शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्र,पाठ्यक्रम विकास केन्द्र,शिक्षा विकास निर्देशनालय,शिक्षा विकास तथा समन्वय इकाइ,शिक्षा शाखा,माहाशाखा आदि) | १ | २ |
| ८. | नेपालको संविधान,२०७२ (शिक्षा सम्बन्धी व्यवस्था) | ३ | २ |
| ९. | शिक्षा ऐन,२०२८(संशोधन सहित),शिक्षा नियमावली,२०५९(संशोधन सहित),कोल्हवी नगरपालिकाको शिक्षा ऐन,२०७६(संशोधन सहित) | ३ | २ |
| १०. | स्थानीय सरकार संचालन ऐन,२०७४ (शिक्षा सम्बन्धी व्यवस्था)<br>सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७८ | २ | २ |

खण्ड-ख : विषयगत परीक्षाको पाठ्यक्रम

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्नको अंकभार |
|---|---|---|---|
| १. | अनौपचारिक शिक्षा,निरन्तर तथा जीवनपर्यन्त शिक्षा,महिला शिक्षा,अभिभावक शिक्षा,प्रौढ शिक्षा | १ | ५ |

| | | | |
|---|---|---|---|
| | आमा समूह,समुदायमा हुने अन्य विभिन्न बैठक,सभा सम्मेलन,सहकारी बैठकहरु,बैठक आयोजना,निर्णय लेखन,निर्णय लेख्दा ध्यान दिनुपर्ने तथ्यहरु,बैठक सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु | | |
| २. | अनौपचारिक शिक्षा सम्बन्धी निति नियम,कानुन दस्तावेज,अनौपचारिक शिक्षा र औपचारिक शिक्षा सम्बन्धी फरक<br>अनौपचारिक शिक्षाको विकासमा समुदायको संलग्नता,सामुदायिक अभ्यास | १ | ५ |
| ३. | आफ्नो सेवा क्षेत्रभित्रका शैक्षिक सांस्कृतिक,प्राकृतिक,आर्थिक,वित्तीय,जनसाङ्ख्यिक विवरणका सूचना तथा तथ्याङ्कहरुको अभिलेखिकरण<br>नमुना सिकाइ केन्द्रको विकास,नवप्रवर्तनात्मक कार्यक्रमहरु | १ | ५ |
| ४. | सामुदायिक सिकाइ केन्द्रको परिचय,कार्यक्रम र सेवा,काम कर्तव्य र अधिकार<br>सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समिति गठन,काम,कर्तव्य र अधिकार<br>सिकाइ केन्द्रमा भौतिक पूर्वधारको व्यवस्थापन,केन्द्रको आयस्रोत | १ | ५ |
| ५. | लेखा परिक्षण,सामाजिक परिक्षण,बेरुजु,बजेट व्यवस्थापन,बेरुजु फछ्र्यौट<br><br>सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७८ | १ | ५ |

| | | | |
|---|---|---|---|
| ६. | सामुदायिक सिकाइ केन्द्रको परिचालकको कार्य विवरण<br><br>सिकाइ केन्द्र एक आजीवन सिकाइ थलो (Life Long Learning Hub) | १ | ५ |
| ७. | परियोजना प्रस्ताव निर्माण, कार्यक्रम/योजना छनौट,स्वीकृति र संचालन,सहभागितात्मक योजना तर्जुमा | १ | ५ |
| ८. | प्रभावकारी संचार र सीप, अन्य संघ संस्थाहरुको सम्बन्ध | १ | ५ |

## अन्तर्वार्ताको योजना (Interview Examination Scheme)

१. अन्तर्वार्ता-२० सामुदायिक सिकाइ केन्द्रको परिचालक पदको लागि

| क.स. | मूल्याङ्कनका आधार | शैक्षिक योग्यता - ५ | | |
|---|---|---|---|---|
| १. | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता-३ | प्रथम श्रेणी | द्वितीय श्रेणी | |
| | | ३ | २ | |
| २. | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता-२ | २ | १ | |
| ३. | | व्यक्तित्व/आचरण | विषयवस्तुको ज्ञान | प्रस्तुतीकरण |
| | अन्तर्वार्ता - १५ | ५ | ६ | ४ |

नोट : अन्तर्वार्ता वापत अंक दिदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अंक दिदा स्पष्ट कारण खुलाउनु पर्नेछ ।

द्रष्टव्य :

१.सामान्य परीक्षा (वस्तुगत/बहुवैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन ।

२.यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा भएका कानून (ऐन,नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

३.यो पाठ्यक्रम कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ तर यो कार्यविधि लागु भएको मिति भन्दा अगाडी नियुक्त भएका विद्यालय सहायक कर्मचारीको हकमा लागु हुनेछैन ।

प्रमाणीकरण मितिः २०८१।१०।०५

**आज्ञाले,**

पितानाथ लुइटेल

प्रमुख प्रशासकीय अधिकृत